# मनसुन र बेमौसमी वर्षाका घटनासहितको प्रतिवेदन
# २०७८







नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति: २०७८/०९/२३

## सन्देश

**"मनसुन र बेमौसमी वर्षाका घटनासहितको प्रतिवेदन, २०७८"** प्रकाशन गरिएको छ ।२०७८ जेठ ३१ गतेबाट शुरु भएको मनसुन एवम् मनसुनपश्चात कार्तिक महिनाको पहिलो साता आएको बेमौसमी वर्षाका कारणले भएका विपद्का घटना, उक्त घटनाहरुमा प्रतिकार्यको लागि गरिएको पूर्वतयारी, खोज, उद्धार तथा राहत, पुनर्स्थापनालगायतका कार्यमा गृह मन्त्रालय तथा मातहतका निकाय एवम् अन्य सरोकारवाला मन्त्रालय/निकायहरुबाट भएका काम, कारवाही, समन्वय, सहजीकरण र सहकार्यको अवस्था साथै समस्या तथा चुनौती र भावी कार्यदिशासमेत समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

गृह मन्त्रालयले ममसुनको समयमा मनसुनजन्य घटनाका कारण हुने विपद् एवम् सोका कारणले भएको धनजनको क्षति, पूर्वतयारी तथा प्रतिकार्य, खोज, उद्धार तथा राहत वितरणको विवरणसमेत दैनिक रुपमाविपद् व्यवस्थापन पोर्टलमा अद्यावधिक गर्नुका साथै विगतका केही वर्षदेखि हरेक बर्ष मनसुन प्रतिवेदन प्रकाशन गर्दै आईरहेको छ। गृह मन्त्रालय, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाबाट यो प्रतिवेदन तयार भएको छ ।

यो प्रतिवेदन तयार गर्नका लागि विवरण उपलब्ध गराउने सरकारी निकायलगायत संलग्न सम्पूर्णलाई हार्दिक धन्यवाद् ज्ञापन गर्न चाहन्छु । **"मनसुन र बेमौसमी वर्षाका घटनासहितको प्रतिवेदन, २०७८"** प्रकाशनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने विपद तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख श्री हुमकला पाण्डेलगायत प्रतिवेदन तयारीमा संलग्न विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखामा कार्यरत कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो प्रतिवेदन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित सबै सरोकावालाहरुको लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

टेकनारायण पाण्डे
सचिव

टेकनारायण पाण्डे
सचिव

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७८/०९/२३

## मन्तव्य

बहुप्रकोपीय घटनाहरुबाट उत्पन्न विपद्को अत्याधिक जोखिमको स्थानमा रहेका मुलुकहरुमध्ये नेपाल पनि एक हो ।बाढी, पहिरो, डुवान, चट्याङ्ग, आगलागी, महामारी, सडक दुर्घटना आदिजस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका घटनाहरुको सामना नेपालले हरेक वर्ष गरिरहनु परेको छ ।२०७८ सालको मनसुन एवम् मनसुनपश्चातको बेमौसमी वर्षाका कारणले घटेका विपद्का घटनाहरु बाढी, पहिरो, डुबान आदिबाट नेपालले ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति एवम् नोक्सानी बेहोर्नु पर्‍यो ।

गृह मन्त्रालयले मनसुनका कारण घटेका विपद्का घटनाहरु, खोज उद्धार तथा राहत सम्बन्धमा उक्त अवधिका घटनाको विवरण सहितको प्रतिवेदन नियमित एवम् दैनिक प्रसारण गर्ने साथै विगतका केही वर्षदेखि मनसुन अवधिभरिको घटनाहरुलाई समेटी हरेक वर्ष मनसुन प्रतिवेदन तयार गर्दै आईरहेको छ ।

**"मनसुन र बेमौसमी वर्षाका घटनासहितको प्रतिवेदन, २०७८"** तयार गर्नका लागि विवरण,जानकारी तथा जाहेरी उपलब्ध गराउने मन्त्रालय, प्राधिकरण, विभाग, कार्यालय, निकायलगायत अन्य संलग्न सम्पूर्णलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

प्रतिवेदन तयारीमा संलग्न विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाका उपसचिव श्री खुमकान्त आचार्य, शाखा अधिकृत सुशिल कुमार भण्डारी र कविता शर्मा साथै लेखन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने शाखा अधिकृत श्री अञ्जु पोखरेललाई एवम् शाखामा कार्यरत अन्य कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मनसुन र मनसुनपश्चात आएको बेमौसमी वर्षाका कारणले भएका विपद्का घटना, उक्त घटनाहरुमा प्रतिकार्यको लागि गरिएको पूर्वतयारी, खोज, उद्धार तथा राहत, पुनर्स्थापनालगायतका विवरण समावेश गरी तयार गरिएको यो प्रतिवेदनविपद् व्यवस्थापनमा संलग्न सरकारी तथा गैरसरकारी निकाय, संघ, संस्था, व्यक्ति तथा सरोकावाला सम्पूर्णको लागि उपयोगी एवम् जानकारीमूलक हुनेछ भन्ने विश्वास लिएको छु।

हुमकला पाण्डे
सह-सचिव

सह-सचिव

# कार्यकारी सारांशः

नेपालमा सामान्यतया असारदेखि मध्य भाद्रसम्म मनसुन बढी सक्रिय हुने गर्दछ। यस बीचको करिब सय दिन मनसुन सक्रिय भई बाढी, पहिरो तथा अन्य पानीजन्य विपद्का घटना घट्ने र ठूलो मात्रामा धनजनको क्षति हुने गर्दछ। मनसुनजन्य विपद्बाट हुनसक्ने संभावित क्षति न्यूनीकरण, विपद्पश्चातको अवधिमा प्रतिकार्य, पुनर्स्थापनालगायतका कामका लागि संघ, प्रदेश र स्थानीय तहलाई उत्तिकै जिम्मेवार बनाइएको छ। यद्यपि विपद् पूर्वतयारी र प्रतिकार्यको सम्पर्क मन्त्रालयका रूपमा गृह मन्त्रालयले काम गर्दै आएको छ। विगत दुई वर्षलाई हेर्ने हो भने विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नु सरकारको पहिलो प्राथमिकताको विषय रह्यो। यसमा समन्वय, सहजीकरण गर्ने मुख्य काम गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका निकायले गरे भने अन्य विषयगत मन्त्रालय एवम् निकायहरुले सहयोगी भूमिका निर्वाह गरे। गृह मन्त्रालयले मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्य योजना बनाई विपद् जोखिम न्यूनीकरण गर्ने काम पनि सँगसँगै गर्नुपर्यो। सधैका वर्षहरु जस्तै यस वर्ष पनि जेठ ३१ गतेबाट शुरू भएको मनसुनले मनसुन अवधिभर र मनसुनपश्चात कार्तिकको पहिलो हप्तामा भएको बेमौसमी वर्षाले समेत ठूलो मात्रामा मानवीय तथा पशुचौपाया र कृषिबाली नोक्सान गर्यो। विपद्को समयमा विपद्

प्रभावित क्षेत्रबाट सूचना संकलन, तत्काल उद्दार तथा राहत वितरण गर्नुपर्ने हुनाले सूचना तथा संचारको भूमिका महत्वपूर्ण हुने कुराको सिकाइ भयो।

यस वर्षको मनसुन अबधिमा ९१० घरपरिवार प्रत्यक्ष प्रभावित हुन पुगे भने १४२ जनाले ज्यान गुमाए। सिन्धुपाल्चोकको मेलम्ची क्षेत्रका बासिन्दाले सबैभन्दा धेरै क्षति व्यहोर्नुपर्यो। मनसुनपश्चात आएको बेमौसमी वर्षाका कारण ४०४ घरपरिवार प्रभावित भई ठूलोमात्रामा धनजनको क्षति भयो,१२० जनाको मृत्यु भयो, सबैभन्दा धेरै घटना पहिरोबाट भए। यसैगरी मनसुन अबधिमा मनसुनजन्य घटनाबाहेक अन्य विपद्का ५७७ बटा घटनाबाट १४७१ घरपरिवार प्रभावित भए भने ४० करोडभन्दा बढीको क्षति हुन पुग्यो। यस प्रतिवेदनमा नेपालको भौगोलिक अवस्था, २०७८ सालमा भएको मनसुन र मनसुनपश्चातको समयमा भएका विपद्जन्य घटनाको विवरण, गृह मन्त्रालय एवम् अन्तर्गतका निकायको भूमिका, विगत ५ वर्षको मनसुनबाट भएको क्षतिको तुलनात्मक विवरण, समस्या तथा चुनौती एवम् आगामी कार्यदिशालगायतका विषयलाई छोटकरीमा उल्लेख गरिएको छ।

# विषय सूची


१. पृष्ठभूमि ........ १

२. नेपालको भौगोलिक अवस्था........ २

३. विपद् पूर्वतयारी तथा प्रतिकार्यमा भएका प्रयासहरु ........ ४

४. मनसुनबाट हुनसक्ने सम्भावित जोखिम तथा क्षति न्यूनीकरणका लागि भएका पूर्वतयारी ........ १५

५. पूननिर्माण तथा पूनर्स्थापनाका प्रयास ........ १५

६. घटना, क्षति र राहत वितरणको संक्षिप्त विवरणः........ १७

७. मनसुन अवधिमा विभिन्न जिल्लाहरुमा पठाइएको राहत सामग्रीहरुको विवरण: ........ २५

८. विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण ........ २७

९. विगत ५ वर्षमा मनसुनबाट भएको मानवीय क्षतिको तुलनात्मक विवरण: ........ २७

१०. परिषद् र कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरुः........ २८

११. समस्या र चुनौतीहरु ........ २९

१२. अबको कार्यदिशा ........ ३१

१३. निष्कर्षः ........ ३२

## १. पृष्ठभूमि

निरन्तर दोहोरिने बहुप्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्याधिक जोखिममा रहेका मुलुकहरुमध्ये नेपाल पनि एक हो। मुलुक विषम् भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ्ग, खडेरी, हिमपात, असिना, हुरी-बतास, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि, शीतलहर, डढेलोलगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ। यसैगरी नेपाल सडक दुर्घटना, महामारी, आगलागी, वातावरणीय प्रदूषण, भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटनाजस्ता गैरप्राकृतिक जोखिमबाट पनि प्रभावित छ। भूकम्पीय जोखिमको हिसाबले नेपाल ११औं स्थानमा, बाढी पहिरोको जोखिमका हिसाबले ३०औं स्थानमा पर्छ। मनसुनजन्य तथा अन्य विपद्का घटनाबाट नेपालमा वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ। नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा समावेश गरेको छ। सोहीबमोजिम संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम हुँदै आएको छ। मनसुन तथा अन्य विपद्जन्य जोखिमबाट नागरिकको जीउज्यान, भौतिक संरचना, सार्वजनिक, निजी

तथा व्यक्तिगत सम्पत्तिको संरक्षण गर्ने सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा भएको व्यवस्थाबमोजिम विपद् व्यवस्थापनका सम्बन्धमा नेतृत्वदायी भूमिका गृह मन्त्रालयले निभाउँदै आएको छ।

## २. नेपालको भौगोलिक अवस्था

नेपाल दक्षिण एशियामा अवस्थित भू-परिवेष्ठित मुलुक हो। समुद्री सतहबाट करिब ११२७ कि.मि. टाढा एवम् दक्षिण एशियाका दुई ठूला मुलुक भारत र चीनको बीचमा अवस्थित नेपालको कूल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. रहेको छ। नेपाल २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालको पूर्व पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई करिब १९३ कि.मि. रहेको छ। नेपालले विश्वको कूल भूभागको ०.०३ प्रतिशत र दक्षिण एशियाको ०.३ प्रतिशत भूभाग ओगटेको छ। यसको पूर्व, पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीन पर्दछ। नेपालको प्रामाणिक समय दोलखा जिल्लामा पर्ने गौरीशंकर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार

मानिएको छ भने नेपालको समय ग्रीनवीच मानक समयभन्दा ५ घण्टा ४५ मिनेट छिटो रहेको छ।

विश्वमा ब्राजिल पछिको जलस्रोतको धनी देशका रुपमा नेपाललाई चिनिने गरिन्छ। यहाँ ६००० (छ हजार) बढी नदीनाला रहेका छन्। विश्वका ८००० (आठ हजार) मिटरभन्दा उच्च १४ वटा हिमालमध्ये ८ वटा हिमाल नेपालमै पर्दछन्। हिमालयका साथसाथै कोशी, गण्डकी, कर्णालीलगायत ठूला नदीहरु र रारा,फेवा, गोसाईँकुण्डजस्ता सुन्दर तालहरु नेपालमै पर्दछन्। भू-स्वरुपको विभिन्नताले गर्दा उष्ण (Tropical), उपोष्ण (Mesenterial), सूक्ष्म तापीय (Micro Thermal), टुण्ड्रालगायतका जलवायुको विविधता पनि नेपालमा रहेको छ। हिमाल, पहाड र तराईमा फरक फरक प्रकारको हावापानी, वनजङ्गल पाउनुका साथै मौसम अनुसारका फलफूल तथा अन्नबाली उब्जने गर्छन्। यद्यपि वर्षाको समयमा अतिवृष्टि भई  बाढी पहिरो जाने, डुबान हुने, हिउँदको समयमा अल्पवृष्टि, अनावृष्टि भई खडेरी पर्ने, उत्पादन न्यून हुनेजस्ता जोखिम नेपालले व्यहोर्दै आएको छ। सतही ढुङ्गाले शिवालिक क्षेत्रको पर्वतीय भूभागलाई नियन्त्रण गरेको छ। यो श्रृङ्खला कमजोर र अस्थीर छ। शिवालिक क्षेत्रको दक्षिणमा एउटा लामो पेटी पूर्वदेखि पश्चिमसम्म फैलिएको र यो क्षेत्र बालुवा, कङ्कड, ढुङ्गा र

खुकुला खस्रा पदार्थले बनेको छ। जसका कारण नेपाल भौगर्भिक हिसाबले पनि अति संवेदनशील मुलुकमा पर्दछ।

## ३. विपद् पूर्वतयारी तथा प्रतिकार्यमा भएका प्रयासहरु

विपद् पूर्वसूचना दिएर आउँदैन। यसका लागि पर्याप्त पूर्वतयारी एवम् उत्थानशीलता जरुरी हुन्छ। संभावित विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा भएको व्यवस्था बमोजिम गृह मन्त्रालयले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा सम्पर्क मन्त्रालयका रुपमा काम गर्दै आएको छ। अन्य विषयगत मन्त्रालय, प्रदेश सरकार, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय एवम् संघ-संस्थाहरुबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन, संस्थागत एवम् क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। उल्लिखित निकाय तथा संस्थाहरुले गर्दै आएका कामहरुलाई संक्षिप्तरुपमा तल प्रस्तुत गरिएको छ।

### क) गृह मन्त्रालय

नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीमा राखेको छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ को अनुसूची २ को उपनियम ८ को बुँदा नं १८ र १९ मा विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन तथा राष्ट्रिय विपद् कोष स्थापना र संचालन तथा प्रादेशिक कोषमा सहयोग र समन्वय गर्ने काम गृह मन्त्रालयको हुने भनी उल्लेख गरिएको छ। सोही बमोजिम विपद् व्यवस्थापन (पूर्वतयारी तथा प्रतिकार्य) सम्बन्धी सम्पर्क निकायका रुपमा गृह मन्त्रालयले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा यस मन्त्रालय अन्तर्गतका विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा,राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा,राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC), विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा सक्रिय रुपमा संलग्न हुने गरी संगठनात्मक व्यवस्था रहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ एवम् नियमावली, २०७६ बमोजिम गठित राष्ट्रिय परिषद् तथा कार्यकारी समितिले समय समयमा बैठक बसी

सम्भावित मनसुनजन्य विपद् तथा अन्य प्राकृतिक/गैरप्राकृतिक विपद्का लागि पूर्वतयारी एवम् प्रतिकार्य योजना बनाउनका लागि मन्त्रालयमार्फत निर्देशन दिने, विपद्सँग सम्बन्धित नीति, ऐन, कानून निर्माण एवम् आवश्यकतानुसार परिमार्जन गर्ने काम गर्दै आएको छ। गृह मन्त्रालयले राष्ट्रिय परिषद् र कार्यकारी समितिबाट भएका निर्णय कार्यान्वयनका लागि विषयगत मन्त्रालय तथा गृह मन्त्रालयअन्तर्गतका निकायहरुमा लेखी पठाउने, बन्दोबस्तीका सामग्रीहरुको व्यवस्थापन, राहत सामग्रीहरुको वितरणका लागि समन्वय र सहजीकरण गर्ने साथै अन्तरमन्त्रालय, अन्तर तह समन्वय एवम् सहजीकरण गर्ने काम गर्दै आएको छ। अन्तर्राष्ट्रियस्तरमा भएका विपद्सँग सम्बन्धित सन्धि-सम्झौता तथा प्रतिबद्धता कार्यान्वयन सम्बन्धमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने काम यस मन्त्रालयले गर्दछ।

मन्त्रालयले गर्ने विपद् व्यवस्थापनसँग सम्बन्धित मुख्य कामलाई छोटकरीमा बुँदागतरुपमा देहायबमोजिम उल्लेख गरिएको छः

- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन तथा राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक कोषमा सहयोग र समन्वय गर्ने,

- मन्त्रालयको नेतृत्वदायी भूमिकामा नेपाल विपद् प्रतिवेदन प्रकाशन गर्नका लागि आवश्यक तयारी गर्ने,
- विपद् व्यवस्थापनसँग सम्बन्धित विषयमा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन तथा सोको प्रगति प्रतिवेदन गर्ने,
- राष्ट्रिय बन्दोबस्ती क्षेत्र (Logistic Cluster) को नेतृत्व, समन्वय र बैठक सञ्चालन गर्ने,
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मानवीय सहायताको क्षेत्रमा क्रियाशील दातृनिकाय, सहयोगी संघसंस्थाहरुसँग समन्वय गरी स्रोत साधन परिचालन गर्ने,
- केन्द्रीय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा रकम निकासा गर्ने,
- प्रादेशिक गोदामघर तथा मानवीय सहायतास्थल स्थापना र सञ्चालन गर्ने,
- मौसमी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयारी एवम् कार्यान्वयन गर्ने गराउने,
- जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी बाढी-पहिरो, डुबानलगायत विपद्का घटना साथै मौसम पूर्वानुमान तथा पूर्वसूचना प्राप्ति तथा विश्लेषण गरी समुदायस्तरमा सूचना प्रवाह गर्ने,

- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवालाहरुसँग खोज, उद्धार तथा राहतमा समन्वय र सहजीकरण गर्ने ।

**विपद् व्यवस्थापनमा संलग्न गृह मन्त्रालय अन्तर्गतको संगठनात्मक संरचना**



## ख) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० ले गरेको व्यवस्था बमोजिम गृह मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भई कार्यान्वयनमा रहेको छ। मिति २०७६।०७।२९ गते कार्यकारी प्रमुखको नियुक्ति भएसँगै प्राधिकरणको स्थापना भएको हो। यसले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्दछ।

प्राधिकरणले गर्ने मुख्य कामहरुलाई बुँदागत रूपमा तपसिलबमोजिम उल्लेख गरिएको छः

- विपद् जोखिम बारेको बुझाई, खोज तथा उद्धारको लागि क्षमता अभिवृद्धि गर्ने।
- प्रकोप अनुसारको जोखिम आँकलन गर्ने।
- बहु प्रकोप जोखिम आँकलनको लागि अन्तरनिकाय समन्वय गर्ने।
- प्रभाकारी सूचना प्रणालीको विकाश तथा सूचना प्रवाह गर्ने।
- विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
- विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता अभिवृद्धि गर्ने।
- प्रभावकारी प्रतिकार्य, पूननिर्माण, पुनर्स्थापना तथा पूनर्लाभका लागि “अझ राम्रो र बलियो निर्माण” नीति अबलम्बन गर्ने।

- विपद् पूर्वतयारीका लागि सञ्चार तथा प्रशासन प्रणाली सुदृढीकरण गर्ने।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन, प्रभावकारी विपद् प्रतिकार्यका लागि पूर्वतयारीको सुदृढीकरण गर्ने।
- निजी आवास पूननिर्माण एवम् पूनर्स्थापन गर्ने।
- जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने।

**ग) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र**

यस मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाअन्तर्गतको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा National Emergency Operation Center (NEOC) ले सम्भावित विपद्जन्य घटनाहरुको पूर्वसूचना दिने, देशभर घटेका विपद्सँग सम्बन्धित घटना (मनसुनसमेत) को जानकारी लिने, तथ्याङ्क सङ्कलन तथा वर्गीकरण गर्ने, दैनिक अवस्था अद्यावधिक (Situation Update) एवम् प्रतिवेदन गर्ने र Disaster Risk Reduction Portal (DRR Portal) मा तथ्याङ्क अद्यावधिक गर्ने लगायतका विपद् पूर्वतयारी तथा प्रतिकार्यका काम गर्दै आएको छ। यस केन्द्रले गर्ने प्रमुख कार्यहरुलाई देहायबमोजिम उल्लेख गरिएको छः

- विपद् प्रतिकार्यको लागि राष्ट्रिय तहमा सूचना संकलन, समन्वय र सहयोगको विकास गरी खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने।
- राष्ट्रिय परिषद्, कार्यकारी समिति र गृह मन्त्रालयका निर्णयहरूको कार्यान्वयन गर्ने।
- प्रतिकार्यमा संलग्न सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूहहरु बीच समन्वय गर्ने।
- मानवीय सहायतासम्बन्धी कार्यको लागि नेतृत्व तथा समन्वय गर्ने निकायका रूपमा कार्य गर्ने।
- सरोकारवाला निकायहरूबाट विपद्सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने।
- सरकारका सबै तहका निकायहरूको विपद् पूर्वतयारी, योजना तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।
- विपद् जोखिमको सूचना तथा पूर्वचेतावनी दिने, जोखिमको अवस्था टरेको जानकारी दिने तथा विपद् पूर्वसूचना प्रणाली व्यवस्थापनमा समन्वय गर्ने ।
- विपद्का घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण तथा अद्यावधिक गर्ने र विपद्को वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, यी विवरणलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट खण्डीकृत बनाउने।
- विपद्का घटना र क्षतिको तथ्यांक संकलन तथा प्रवाह गर्ने आधिकारिक निकाय हुने भएकोले विपद् प्रतिकार्य पूर्वतयारी तथा प्रतिकार्यको विवरण नियमितरुपमा सार्वजनिक गर्ने।

- ➢सबै जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्जाल स्थापना गरी तिनको व्यवस्थापन गर्ने।
- ➢आफ्नो प्रत्यक्ष नियन्त्रणमा रहने गरी महत्वपूर्ण मानिएका सार्वजनिक स्थानमा विपद्सम्बन्धी सूचना, जानकारीमूलक सामग्री र पूर्वचेतावनी दिन सकिने विद्युतीय बोर्ड आदि स्थापना गरी जनचेतना जगाउने कार्यको समन्वय गर्ने।
- ➢विपद्बाट भएको प्रभाव र क्षतिको प्रारम्भिक द्रूत लेखाजोखा, बहुक्षेत्रगत द्रूत लेखाजोखा र क्षेत्रगत विस्तृत लेखाजोखा गरी प्रतिकार्यका लागि आवश्यक साधन स्रोतको पहिचान गर्न सघाउने।
- ➢आपतकालीन क्षेत्रीय भण्डारण गृहहरुको संचालन व्यवस्था प्रभावकारी गर्नका लागि राष्ट्रिय तहमा आवश्यक समन्वय गर्ने।
- ➢राहत तथा उद्धार सामग्रीहरुको केन्द्रीय अभिलेख तयार गरी नियमितरुपमा अद्यावधिक गर्ने।

उल्लिखित कामका अतिरिक्त कोभिड- १९ रोकथाम तथा नियन्त्रणका लागि गरेका कामहरु तपसिल बमोजिम रहेका छन्:

- ❖ कोभिड- १९ को दैनिक जिल्लागत तथ्याङ्क संकलन, प्रविष्टि तथा दैनिक प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने गरिएको।
- ❖ कोभिड- १९ संकट व्यवस्थापन केन्द्र (CCMC) द्वारा तोकिएको मापदण्डबमोजिम Smart Lockdown का लागि

आवश्यक तथ्याङ्क तथा जिल्लागत जोखिम नक्शाङ्कन गरी निर्णय कार्यान्वयनमा सहजीकरण गरिएको।

- ❖ राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र बीच तथ्याङ्क आदान-प्रदान एवम् आवश्यक समन्वय गरिएको।
- ❖ कोभिड- १९ नियन्त्रण तथा व्यवस्थापनका लागि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरी सूचना तथा तथ्याङ्क व्यवस्थापनमा आवश्यक सहजीकरण गरिएको।
- ❖ आपत्कालीन व्यवस्थापन (कोभिड- १९ व्यवस्थापन समेत) का लागि आपतकालीन अत्यावश्यक वस्तुहरुको संकलन,सञ्चिति तथा ढुवानीको व्यवस्था गरिएको।

विगतका अनुभवसमेतका आधारमा सरोकारवाला निकायसँग छलफल, प्राविधिक विश्लेषण, सम्भावित जोखिम आँकलन र विपद् पूर्वतयारी एवम् प्रतिकार्यका लागि नेपाली सेना, नेपाल प्रहरी एवम् सशस्त्र प्रहरी बल नेपाललाई विपद्को समयमा उपयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने, आवश्यक सूचना सञ्चार, परिपत्र, निर्देशन जारी गर्ने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा भएको प्रावधानबमोजिम राष्ट्रिय परिषद्, कार्यकारी समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने काम यस मन्त्रालयले गरिरहेको छ।

## घ) अन्य निकाय

विपद् व्यवस्थापनको काम बहुक्षेत्रगत विषय हो। यसमा सरकारको कुनै एक मन्त्रालय वा निकायको प्रयास मात्र पर्याप्त हुँदैन। विगतका इतिहासलाई हेर्ने हो भने पनि २०७२ सालको भूकम्पमा होस् या कोभिड-१९ को रोकथाम तथा न्यूनीकरणका लागि भएका प्रयासमा होस्, राज्यका विषयगत निकायको संयुक्त प्रयास, राष्ट्रिय-अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको देखिन्छ। संघ, प्रदेश र स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपद् जोखिम न्यूनीकरण तथा रोकथामका जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गरेका छन्। विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरुको भूमिका पनि महत्वपूर्ण रहन्छ। त्यसैगरी विश्व खाद्य कार्यक्रम, राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र, एशियाली विपद् पूर्वतयारी केन्द्र लगायत विपद्का क्षेत्रमा काम गर्ने अन्य राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहयोग गर्दै आएका छन्।

## ४. मनसुनबाट हुनसक्ने सम्भावित जोखिम तथा क्षति न्यूनीकरणका लागि भएका पूर्वतयारी

नेपाल भौगोलिक विविधतायुक्त मुलुक भएको र विकासका गतिविधि एवम् भौतिक पूर्वाधार निर्माणका सम्बन्धमा वैज्ञानिक भू-उपयोग नीतिको पूर्ण परिपालना हुन नसक्दा वर्षेनी बाढी-पहिरोका कारण ठूलो धनजनको क्षति व्यहोर्नु परेको छ। मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित जोखिम तथा क्षति न्यूनीकरण तथा रोकथामका लागि केन्द्रमा गृह मन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी जिल्लालाई आवश्यक निर्देशन दिने गरेको र जिल्लाहरुले पनि उल्लिखित कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने गरेका छन्। स्थानीय तहले समेत मनसुन जोखिम न्यूनीकरणका लागि मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्दै आएका छन्। यद्यपि मनसुनबाट हुनसक्ने क्षतिलाई अपेक्षाकृतरुपमा कम गर्न भने सकिएको छैन।

## ५. पूननिर्माण तथा पूनर्स्थापनाका प्रयास

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मन्त्रालयको समन्वय र निर्देशनमा विपद् जोखिम पूर्वतयारीका लागि अध्ययन-अनुसन्धान, क्षमता विकास र विपद् पश्चातको पूननिर्माण एवम् पूनर्स्थापनाको काम गर्दै आइरहेको छ। **मनसनुजन्य विपद् प्रभावित निजी आवास पूननिर्माण तथा पूनर्स्थापना अनुदान कार्यविधि, २०७७** बमोजिम विभिन्न २२ वटा जिल्लाका ४९३७ जना लाभग्राहीलाई निजी

आवास निर्माणका लागि रु.२९,९९,२६,२५०।– अनुदान रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराइएको छ। २२ जिल्लामध्ये ८ वटा जिल्लामा निजी जग्गा घडेरी खरिदका लागि रजिष्ट्रेशन दस्तुर तिरेको प्रमाणका आधारमा बढीमा तीन लाख रुपैयाँसम्म जग्गादाताको बैंक खातामा उपलब्ध गराउन संघीय सरकारको लागत सहभागिताको अनुदान बापतको रकममध्ये हाललाई सोको ५० प्रतिशत रु.२,८८,३०,०००।- उपलब्ध गराइएको छ। लागत सहभागिताको बाँकी ५० प्रतिशत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयले माग गरे पश्चात पठाउने व्यवस्था मिलाइएको छ। यस वर्षको मनसुनजन्य विपद्बाट २०७८ असार १६ गते सम्म विभिन्न जिल्लाहरु (प्युठान, दैलेख, दाङ, हुम्ला, अर्घाखाँची, लमजुङ्ग, सिन्धुपलान्चोक र बाजुरा) मा आंशिक तथा पूर्ण क्षति भएका ५७२ घर परिवारहरुलाई तत्काल अस्थायी बसोवास व्यवस्थापनका लागि प्रतिपरिवार रु.५०,०००।– (पचास हजार) का दरले २,८६,०००००।– (दुई करोड छयासी लाख) अर्थ मन्त्रालयबाट निकासा गरी जिल्ला प्रशासन कार्यालयहरुबाट प्रभावित परिवारहरुलाई उपलब्ध गराइएको छ। मनसुनबाट क्षति भएका निजी आवास समेत **मनसुनजन्य विपद् प्रभावित निजी आवास पूननिर्माण तथा पूनर्स्थापना अनुदान कार्यविधि, २०७७** बमोजिम पूननिर्माण गर्ने व्यवस्था मिलाइएको छ। उल्लिखित २२ जिल्लाबाट कूल ५९१४ लाभग्राहीको सूची राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा प्राप्त भएकोमा ९७७ जना आवास

प्रबलीकरण गर्नुपर्ने लाभग्राहीको हकमा कार्यविधिले तोकेबमोजिम सम्झौता गरी सम्झौता अनुसार कार्यसम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार रकम माग गरी पठाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराइएको छ।

## ६. घटना, क्षति र राहत वितरणको संक्षिप्त विवरणः

यस वर्षको वैशाख १ देखि मङ्सिर २९ गतेसम्म घटेका विपद्जन्य घटनाहरुबाट करिब ४४४० घरपरिवार प्रत्यक्ष प्रभावित हुन पुगेको देखिन्छ भने करिब १ अर्ब ५५ करोड बराबरको क्षति भएको छ। मनसुन अवधि र मनसुन पश्चातको समयमा भएको बेमौसमी वर्षाका कारण भएको क्षति तथा विपद्जन्य अन्य घटनाबाट भएको क्षतिलाई क्षेत्रगत रुपमा तपसिलबमोजिम उल्लेख गरिएको छ।

### क) मनसुन अवधिमा भएको क्षतिको विवरणः-

सधैका वर्षझैं यस वर्ष (२०७८ साल) पनि जेष्ठ ३१ गतेबाट शुरु भएको मनसुनका कारण गएको बाढी-पहिरो, डुबानबाट नेपालले ठूलो धनजनको क्षति व्यहोर्नु पर्यो। उक्त मानवीय र भौतिक क्षतिलाई देहायबमोजिम उल्लेख गरिएको छ ।

### ख) मानवीय क्षतिको विवरणः-

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार |
|---|---|---|---|---|---|---|
| १ | पहिरो | २३४ | ७९ | ६ | ८९ | २७९ |
| २ | बाढी | ११२ | ४३ | ३० | १३ | २१२ |
| ३ | भारी वर्षा | ३१० | १६ | १ | ४६ | ४०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अन्य | ३ | २ | १ | ३ | ५ |
| ५ | डुङ्गा पल्टेर | २ | २ | ४ | २ | ७ |
| **जम्मा** | | ६६१ | १४२ | ४२ | १५३ | ९१० |

श्रोत: http://drrportal.gov.np

**जिल्लागत विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।**

## ग) भौतिक संरचना क्षतिको विवरण:

मनसुनजन्य विपद्का घटनाबाट यस वर्ष पनि नेपालले ठूलो क्षति व्यहोर्नुपर्यो। मेलम्चीमा आएको बाढीबाट धेरै व्यक्तिका निजी आवासहरु, सरकारी भवन, विद्यालय,पक्की तथा झोलुङ्गे पुल पूर्णतया नष्ट भए। यस अबधिमा भएको भौतिक संरचनाको क्षतिलाई तलको तालिकामा उल्लेख गरिएको छ:

| घर क्षति | | सरकारी कार्यालय | सामुदायिक भवन | पुल | | | हाईड्रो पावर | बैङ्क/वित्तीय संस्था |
|---|---|---|---|---|---|---|---|---|
| आंशिक | पूर्ण | | | झोलुङ्गे | पक्की | मोटरेबल काठे पुल | | |
| ३५१ | ७१२ | ३७ | १७ | ३० | २३ | ७ | २६ | २ |

**भौतिक क्षतिको विवरण अनुसूची १ मा राखिएको छ ।**

श्रोत: जिल्लाबाट प्राप्त विवरणअनुसार

## घ) अन्य विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरणः

नेपालको भौगोलिक अवस्थामा विविधता रहेको र विपद्जन्य घटनाका लागि अत्यन्त संवेदनशील स्थान भएकोले हरेक वर्ष विपद्जन्य अन्य घटनाहरु घटी भौतिक तथा मानवीय क्षति हुने गरेको छ। यस वर्षको जेठ ३१ देखि असोज २३ गतेसम्म मनसुनजन्य घटनाबाहेक अन्य ५७७ घटनाबाट १४७१ घरपरिवार प्रभावित भएको र ७३ जनाको मृत्यु भएको छ।

यसको विस्तृत विवरण तपसिलबमोजिम उल्लेख गरिएको छः

मिति २०७८।०२।३१ देखि २०७८।०६।२३ गतेसम्म मनसुनजन्य घटनाबाहेक अन्य विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरण

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १ | चटयाङ्ग | ६८ | २७ | ० | ६८ | १०७ | ७ | १ | २ | ३१ | १८५०००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | जनावर आतङ्क | १०४ | १८ | ० | ५५ | १५७ | ६० | ४ | ६ | ३६ | २९८८८०० |
| ३ | सर्पदंश | १७ | १४ | ० | ३ | १७ | ० | ० | ० | ० | ० |
| ४ | आगलागी | ३७९ | ९ | ० | ९१ | ४०५ | ११९ | ९५ | १०० | १०६ | ४०४५०३७८२ |
| ५ | महामारी | १ | ४ | ० | ७७३ | ७७३ | ० | ० | ० | ० | ० |
| ६ | लेक लाग्नु | २ | १ | ० | ३ | ५ | ० | ० | १ | ० | ३००००० |
| ७ | हावाहुरी- | ६ | ० | १ | ० | ७ | ६ | ० | ० | ० | ३३८००० |
| जम्मा | | ५७७ | ७३ | १ | ९९३ | १४७१ | १९२ | १०० | १०९ | १७३ | ४०९९८०५८२ |

**विस्तृत विवरण अनुसूची २ मा राखिएको छ ।** श्रोतः http://drrportal.gov.np

## ङ) बेमौसमी वर्षाका कारण भएको क्षतिको विवरणः

२०७८ साल कार्तिकको पहिलो हप्तामा भएको बेमौसमी वर्षाबाट नेपालका ३६ जिल्ला प्रभावित भए भने ४०४ घरपरिवार प्रत्यक्ष प्रभावित हुन पुगे। तराईका जिल्लामा लगाइएको धानबाली डुबानमा परी करिब १२अरब (११,८७,५१,६१,०००।-) बराबरको क्षति भएको कुरा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कबाट पुष्टि हुन्छ । सो समयमा भएको मानवीय, भौतिक तथा धानबाली क्षतिको विवरण तलको तालिकामा उल्लेख गरिएको छः

**मानवीय तथा भौतिक क्षतिको विवरण**

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १ | पहिरो | ७२ | ९८ | २५ | ४२ | ३१३ | ० | १५१ | १२ | ६६ | ९०००० |
| २ | बाढी | ३१ | २० | ३ | १ | ५४ | ६५ | १३ | ४ | ६७ | ७०००००० |
| ३ | भारी वर्षा | ३३ | २ | ० | १ | ३७ | ० | १५ | ४ | २३ | ८०२६६२० |

| सि .नं. | घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १ | पहिरो | ७२ | ९८ | २५ | ४२ | ३१३ | ० | १५१ | १२ | ६६ | ९०००० |
| जम्मा | | १३६ | १२० | २८ | ४४ | ४०४ | ६५ | १७९ | २० | १५६ | १५११६६२० |

विस्तृत विवरण अनुसूची ३ मा राखिएको छ । श्रोतः http://drrportal.gov.np

## धानबाली क्षतिको विवरणः--

| सि.नं. | विषय | प्रदेश नं. १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश | मूल्य ( रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धानबालीमा पुगेको क्षति रु. हजारमा | १३९२९३६ | १६११५८२ | ५६३९२ | १२६८२९ | ४५१४२३३ | २९४४०९ | ३८७८७८० | ११८७५१६१ |

श्रोतः- कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## च) विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरणः

यस वर्षको वैशाख १ देखि मङ्सिर २९ गतेसम्म घटेका विपद्जन्य घटनाहरुबाट करिब ४४४० घरपरिवार प्रत्यक्ष प्रभावित हुन पुगेको तथ्याङ्कमा देखिन्छ भने करिब १ अर्ब ५५ करोड रुपैयाँ बराबरको क्षति भएको देखिन्छ। क्षतिको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ :

मिति २०७८ वैशाख १ गतेदेखि २०७८ मङ्सिर २९ गतेसम्म विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरण

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १ | पहिरो | ३३६ | १७८ | ३१ | १३४ | ६०३ | ११९ | २६२ | ६० | ३०० | ३४६३५००० |
| २ | बाढी | १५४ | ६३ | ३४ | १४ | २७९ | १७२ | ४८४ | ३१ | १२५ | ११५३९१५०० |
| ३ | चटयाङ्ग | १७५ | ४९ | ० | १५८ | २५७ | २२ | १३ | १० | ८६ | १६४६४८३० |
| ४ | जनावर आतङ्क | १९८ | ३३ | ० | १३१ | २७० | ७८ | ५ | ८ | ६३ | ४०६०००० |
| ५ | आगलागी | १२५७ | ३२ | ० | १८७ | १५२५ | ४५० | ३८२ | ३४२ | ५२३ | १२३८६५७२७४ |
| ६ | भारी वर्षा | ३५७ | २१ | १ | ४८ | ४५८ | १५२ | १८२ | ८१ | २११ | १२८१२४१२० |
| ७ | सर्पदंश | २३ | २० | ० | ४ | २४ | ० | ० | ० | ० | ० |

### मिति २०७८ वैशाख १ गतेदेखि २०७८ मङ्सिर २९ गतेसम्म विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरण

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | महामारी | २ | ४ | ० | ७७४ | ७७४ | ० | ० | ० | ० | ० |
| ९ | हिऊँ-हुरी | २ | ४ | ० | १ | ४ | ० | ० | ० | ० | ० |
| १० | डुङ्गा पल्टेर | ४ | ३ | ६ | २ | १० | ० | ० | ० | ० | ० |
| ११ | जङ्गल आगलागी | ६२ | ३ | ० | १ | २८ | ० | २३ | १ | ० | ४५०००० |
| १२ | अन्य | ३ | २ | १ | ३ | ५ | ० | ० | ० | ० | ० |
| १३ | लेक लाग्नु | ५ | २ | ० | ९ | १२ | ० | ० | १ | ० | ३००००० |
| १४ | हावाहुरी | ३७ | १ | १ | ४ | १०९ | ७४ | १४ | ९ | २ | ६४२४००० |
| १५ | भूकम्प | २ | ० | ० | ७ | ७१ | ७० | ० | ० | ० | ० |
| १६ | हिऊँपहिरो | १ | ० | ० | ११ | ११ | ० | १ | ० | ० | ० |
| जम्मा | | २६१८ | ४१५ | ७४ | १४८८ | ४४४० | ११३७ | १३६६ | ५४३ | १३१० | १५४४५०६७२४ |

श्रोतः http://drrportal.gov.np

## ७. मनसुन अवधिमा विभिन्न जिल्लाहरुमा पठाइएको राहत सामग्रीहरुको विवरणः

जिल्लामा घटेका विपद्जन्य घटनाहरुबाट प्रभावितहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको मागबमोजिम गृह मन्त्रालयको स्वीकृतिमा तत्काल राहत तथा आपत्कालीन बन्दोबस्तीका सामग्रीहरु उपलब्ध गराउने गरिएको छ। २०७८ सालको मनसुन अबधिमा सिन्धुपाल्चोक जिल्ला सबैभन्दा धेरै प्रभावित भएको र आपत्कालीन बन्दोबस्तीका धेरै सामग्री पनि सोही जिल्लामा उपलब्ध गराइएको थियो। मनसुन अवधिमा विभिन्न जिल्लाहरुमा पठाईएको राहत सामग्रीहरुको विवरण तपसिलबमोजिम उल्लेख गरिएको छ :-

| सि.नं. | जिल्ला | टेन्ट | त्रिपाल | प्लाष्टिक | कम्बल | स्लिपिङ्ग | ब्लाङ्केट | जेनेरेटर | ग्याविन तार | डिजेल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मनाङ्ग | १३४ | ७३४ | ३० | १० | २९ | ३५ | ० | ० | २००० |
| २. | सिन्धुपाल्चोक | १०१० | १४१५ | ० | ० | १६५ | ४५ | २ | ५०० | ० |
| ३. | गोरखा | ० | ४४७ | ३० | ० | ० | ० | ० | ० | ० |
| ४. | बाजुरा | ५० | ११० | ० | ० | ० | ० | ० | ० | ० |
| ५. | गुल्मी | २० | ५० | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | अर्घाखाँची | २० | ५० | ० | ० | ० | ० | ० | ० | ० |
| ७. | पाचँथर | ५० | २५० | ० | ० | ० | ० | ० | ० | ० |

| सि.नं. | जिल्ला | टेन्ट | त्रिपाल | प्लाष्टिक | कम्बल | स्लिपिङ्ग | ब्लाङ्केट | जेनेरेटर | ग्याविन तार | डिजेल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | ताप्लेजुङ | ५० | २५० | ० | ० | ० | ० | ० | ० | ० |
| ९. | नुवाकोट | १०० | २०० | ० | ० | ० | ० | ० | ० | ० |
| १०. | धादिङ्ग | ४० | १०० | ० | ० | ० | ० | ० | ० | ० |
| ११. | दार्चुला | ० | ८० | ० | ० | ० | ० | ० | ० | ० |
| १२. | मुगु | ० | ५० | ० | ० | ० | २०० | ० | ० | ० |
| **जम्मा** | | १४७४ | ३७३६ | ६० | १० | १९४ | २८० | २ | ५०० | २००० |

श्रोतः NEOC



## ८. विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण

जिल्लामा घटेका विपद्जन्य घटनाबाट प्रभावितलाई तोकिएको मापदण्डबमोजिम तत्काल राहत उपलब्ध गराउने प्रयोजनार्थ जिल्ला विपद् व्यवस्थापन कोषमा जिल्लाले माग गरेबमोजिम आवश्यकता र औचित्यताका आधारमा केन्द्रीय विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने गरिएको छ।

२०७८ साल जेठ १ गते देखि मंसिर २९ गते सम्म केन्द्रीय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा रु. ८,६६,५०,००० रकम निकासा गरिएको छ। विस्तृत विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ।

## ९. विगत ५ वर्षमा मनसुनबाट भएको मानवीय क्षतिको तुलनात्मक विवरण :

विगत पाँच वर्षमा मनसुनजन्य घटनाका कारण भएको क्षतिको तुलनात्मक अवस्था हेर्दा मिति २०७४ र २०७७ सालमा धेरै मानवीय क्षति भएको देखिन्छ। पाँच वर्षको क्षतिको तुलनात्मक विवरणलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न खोजिएको छः




श्रोतः http://drrportal.gov.np

## १०. परिषद् र कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरु :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम गठित राष्ट्रिय परिषद् र कार्यकारी परिषद्बाट भएका विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णयहरु देहायबमोजिम उल्लेख गरिएको छः

### क) परिषद्

विपद् व्यवस्थापनसँग सम्बन्धित कामलाई प्रभावकारीरुपले सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को व्यवस्था गरिएको छ। २०७८ साल बैशाख १ गतेदेखि

मंसिर २९ गतेसम्म राष्ट्रिय परिषद्बाट भएका विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णयहरुको छायाँप्रति अनुसूची ५ मा राखिएको छ।

## ख) कार्यकारी समिति

परिषद्बाट स्वीकृत नीति योजना कार्यान्वयन गर्ने गराउने कामका लागि माननीय गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समितिको व्यवस्था गरिएको छ। २०७८ साल बैशाख १ गतेदेखि मंसिर २९ गतेसम्म कार्यकारी समितिबाट भएका विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णयहरुको छायाँप्रति अनुसूची ६ मा राखिएको छ।

# ११. समस्या र चुनौतीहरु

विपद्बाट सबैभन्दा जानकार पक्ष स्थानीयहरु हुने र सूचनादाता पनि उनीहरु नै हुने हुँदा विपद् के हो र यसको जोखिम न्यूनीकरणका लागि के गर्ने लगायतका विपद्सम्बन्धी बुझाईमा स्पष्टता हुन आवश्यक हुन्छ। सोका लागि विपद् जोखिम संभावित क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रममा सहभागी गराउने, विपद् सम्बन्धी बुझाईमा एकरुपता कायम गर्ने र विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने, सोका लागि विपद्का समयमा आवश्यक पर्ने

सामग्रीहरुको बन्दोबस्ती गर्नेलगायतका काम गर्नुपर्ने हुन्छ। नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीतिगत, कानूनी, संरचनागत एवम् संस्थागत व्यवस्था हुँदाहुदै पनि अपेक्षाकृत उपलब्धी हासिल गर्न भने सकिएको छैन। यस क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरुलाई छोटकरीमा निम्नानुसार उल्लेख गरिएको छ ।

**समस्याहरुः**

- विपद् जोखिम संवेदनशील भौगोलिक अवस्था हुनु,
- विपद्सम्बन्धी बुझाईमा एकरुपता नहुनु,
- विपद् पूर्वसूचना प्रणाली व्यवस्थित नहुनु/सूचनाको पहुँच कम हुनु,
- वैज्ञानिक भू-उपयोग नीतिलाई अक्षरसः पालना गर्न नसकिनु,
- प्राकृतिक एवम् गैरप्राकृतिक विपद् जोखिमसम्बन्धी विषयलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न नसक्नु,
- विपद् व्यवस्थापन सम्बन्धमा छुट्टै बजेट शीर्षकमा बजेटको व्यवस्था नहुनु,
- विषयगत निकाय तथा तहसँग उचित समन्वयको अभाव हुनु,
- केन्द्रको मुख ताक्ने प्रवृत्ति यथावत रहनु,
- विपद्का क्षेत्रमा काम गर्ने निकाय एवम् संघसंस्थालाई एकद्वार प्रणालीबाट परिचालन गर्न नसकिनु,
- विपद् जोखिमबाट सुरक्षित तथा जलवायु अनुकूलित र उत्थानशील विकासलाई बेवास्ता गरिनु ।

### चुनौतीहरु

- विपद् पूर्वसूचना प्रणाली व्यवस्थित गरी सूचनाको पहुँच कायम गर्ने,
- विपद्सम्बन्धी बुझाईमा एकरुपता कायम गर्ने,
- भू-उपयोग नीतिलाई अक्षरशः पालना गर्ने,
- विषयगत निकाय तथा तहसँग उचित समन्वय गर्ने,
- विपद् व्यवस्थापनका विषयमा स्थानीय तहलाई जिम्मेवार बनाउने,
- विपद्का क्षेत्रमा काम गर्ने निकाय एवम् संघसंस्थालाई एकद्वार प्रणालीबाट परिचालन गर्ने,
- विपद् जोखिमबाट सुरक्षित तथा जलवायु अनुकूलित र उत्थानशील विकास प्रणाली अबलम्वन गर्ने।

## १२. अबको कार्यदिशा

मनसुनजन्य विपद् तथा अन्य विपद्का कारण वर्षेनी नेपालले ठूलो मात्रामा धनजनको क्षति व्यहोर्दै आएको छ। राष्ट्रिय भू-उपयोग नीति अनुरुप स्थानीय तहमा बहुप्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित बस्ती विकास गर्ने, असुरक्षित वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, विपद्को साझा बुझाई निर्माण गर्दै विपद्जन्य घटनालाई न्यूनीकरण गर्ने र विपद्उत्थानशील समाजको निर्माण गर्नु अबको प्रार्थमिकताको क्षेत्र रहनुपर्छ। विपद् जोखिम न्यूनीकरण

राष्ट्रिय नीति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, नियमावली, राष्ट्रिय विपद् प्रतिकार्यढाँचा, सेण्डाई कार्यढाँचा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजनालगायत विपद् व्यवस्थापनसँग सम्बन्धित ऐन, नियममा उल्लिखित व्यवस्थाबमोजिम विषयगत मन्त्रालय, विभाग, निकायहरुले आ-आफ्नो जिम्मेवारी गहनतापूर्वक निर्वाह गर्ने साथै तीनै तहका सरकारले विपद् (मनसुनजन्य समेत) जोखिम न्यूनीकरणलाई प्रार्थमिकतामा राख्ने, छुट्टै बजेटको व्यवस्था गरी आपतकालीन कार्यसंचालन केन्द्रहरुको सबलीकरण गर्नु आवश्यक छ। यसमा स्थानीय तहलाई थप जिम्मेवार बनाउन सकेमा काममा दोहोरोपना नहुने, कामप्रति स्थानीयको अपनत्वबोध हुन गई प्रभावकारिता बढ्न जान्छ।

## १३. निष्कर्षः

मनसुनजन्य विपद् अवस्यम्भावी छ। मनसुनजन्य तथा अन्य विपद्को समयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत नेपाल सरकारको निर्देशन बमोजिम काम गर्ने सरकारी निकाय एवम् विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने संघसँस्थाले खेलेको भूमिका सह्रानीय छ। संभावित जोखिम र क्षतिलाई न्यूनीकरण गर्नका लागि विगतका अभ्यासबाट समेत पाठ सिक्दै विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवाला निकायहरुसँग

दरिलो संचार समन्वय कायम गर्ने, स्थानीयस्तरमा दक्ष जनशक्तिलाई तयारी अवस्थामा राख्ने, साथै प्राकृतिक तथा गैर प्राकृतिक विपद्लाई सबैले साझा समस्याका रुपमा बुझी आ-आफ्नो जिम्मेवारी बोध गर्न सकेमा विपद्बाट हुनसक्ने संभावित क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ।

# अनुसूची १

## मनसुनजन्य घटनाबाट भएको क्षतिको जिल्लागत विवरण

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु जम्मा | वेपत्ता | घाईते जम्मा | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १ | ताप्लेजुङ | ७ | ० | ० | १ | ४ | ० | ३ | १ | २ | ८६००००० |
| २ | पाँचथर | ३ | ३ | ० | १ | ४ | ० | ० | ० | ० | ० |
| ३ | इलाम | ३ | ० | ० | ० | ३ | ० | ० | २ | १ | ३०४५६००० |
| ४ | संखुवासभा | ३ | ० | ० | ० | ३ | १ | २ | ० | ० | ४००००० |
| ५ | तेह्रथुम | ३ | ० | ० | ० | ३ | ० | २ | १ | १ | ३७५००० |
| ६ | धनकुटा | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | १५०००० |
| ७ | भोजपुर | ७ | ० | ० | ५ | १७ | ० | २ | २ | ३ | ७८०५००० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु जम्मा | वेपत्ता | घाईते जम्मा | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| ८ | खोटाङ्ग | ५ | २ | ० | १ | ४ | ० | २ | १ | १ | ७६००००० |
| ९ | सोलुखुम्वु | ११ | ० | ० | ० | ७ | ४ | २ | १ | १ | ८६८३००० |
| १० | ओखलढुङ्गा | १ | ० | ० | ० | १० | ४ | ४ | ० | ० | ० |
| ११ | उदयपुर | ८ | १ | ० | ० | ६ | २ | ३ | ० | ५ | ४९८०००० |
| १२ | मोरङ्ग | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | सुनसरी | २ | ० | ० | ० | १ | ० | १ | ० | ० | ७००००० |
| १४ | सप्तरी | ६ | २ | ० | १ | १४ | १ | १० | १ | १ | १५०९००० |
| १५ | सिराहा | ५ | ० | ० | ० | ११ | ८ | २ | १ | ० | ५७५००० |
| १६ | धनुषा | १० | ० | ० | ४ | १३ | ७ | ५ | ० | ० | १३९०००० |
| १७ | महोत्तरी | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | ३७५००० |
| १८ | सर्लाही | २५ | १ | ० | २ | २७ | ११ | १४ | १ | २ | ५४३०००० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु जम्मा | वेपत्ता | घाईते जम्मा | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १९ | रौतहट | २३ | ३ | ० | ३ | ३६ | १५ | १८ | ० | ० | ३९१९००० |
| २० | वारा | १० | ० | ० | ० | १५ | १० | ६ | ० | ० | १०००००० |
| २१ | पर्सा | २ | ० | ० | ० | ८ | ० | १ | ० | ४६ | ३८०००० |
| २२ | दोलखा | ३ | ० | ० | १ | ४ | ३ | ० | ० | ० | ० |
| २३ | रामेछाप | ४ | ० | ० | १ | ५ | १ | २ | ३ | २८ | १२००००० |
| २४ | सिन्धुली | ८ | २ | १ | १ | ६ | ० | ० | १ | ० | ० |
| २५ | काभ्रेपलाञ्चोक | ५ | २ | ० | ३ | ५ | १ | १ | १ | १ | २३०००००० |
| २६ | सिन्धुपाल्चोक | ११ | ५ | २० | ६ | ४८ | ३८ | ३६५ | ७ | ० | ८५००० |
| २७ | रसुवा | ५ | ५ | ० | १ | २ | ० | १ | ० | ० | ० |
| २८ | नुवाकोट | १५ | १ | ० | ३ | १५ | ५ | ४ | ७ | ५ | १२५६०००० |
| २९ | धादिङ्ग | ६ | २ | १ | ६ | १२ | ० | ० | १ | १० | २००००० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु जम्मा | वेपत्ता | घाईते जम्मा | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| ३० | चितवन | ८ | २ | ३ | २ | ११ | ० | ५ | १ | ३७ | ० |
| ३१ | मकवानपुर | १७ | ४ | ० | १ | १७ | ३ | ६ | ५ | २० | १७५०००० |
| ३२ | भक्तपुर | ५ | ० | ० | ० | ५ | ० | ० | ४ | २ | ३५५००० |
| ३३ | ललितपुर | २ | ० | ० | ० | २ | ० | ० | १ | १ | ० |
| ३४ | काठमाण्डौ | १४ | १ | ० | १ | १३ | १ | ० | ८ | ० | ३७८३३००० |
| ३५ | गोर्खा | १२ | ४ | २ | २ | १४ | ५८ | १६ | २ | २३ | ३१३५००० |
| ३६ | लमजुङ्ग | ८ | ० | ० | ० | १४ | ५७ | ३५ | ४ | ११ | १५०००० |
| ३७ | तनहु | २२ | ५ | १ | १० | २७ | ६ | १५ | १ | ११ | ४१६८००० |
| ३८ | कास्की | ३७ | ७ | ० | ७ | ५० | १३ | २० | ९ | ३ | १४७१५००० |
| ३९ | मनाङ्ग | ३ | ० | ० | ० | ३ | १ | ३ | ० | ० | ० |
| ४० | मुस्ताङ्ग | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु जम्मा | वेपत्ता | घाईते जम्मा | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| ४१ | पर्वत | १० | १३ | १ | २ | १२ | १ | ४ | १ | ४ | ० |
| ४२ | स्याङ्जा | १० | १ | ० | ४ | १६ | १ | ९ | ४ | ८ | १०९२००० |
| ४३ | म्याग्दी | ३ | २ | ० | ३ | १२ | ५ | १ | १ | १ | ० |
| ४४ | वागलुङ्ग | १८ | ० | १ | २ | २० | २ | ८ | ८ | १८ | ० |
| ४५ | नवलपरासी पूर्व | १० | ३ | ० | ० | १४ | २ | ८ | ४ | ० | १३५७६००० |
| ४६ | नवलपरासी पश्चिम | १८ | २ | ३ | ३ | १९ | ६ | ४ | ४ | ५ | २९८५००० |
| ४७ | रुपन्देही | १० | ४ | २ | ० | १८ | १२ | १६ | ० | ० | १०००० |
| ४८ | कपिलवस्तु | ३ | १ | ० | ० | ४ | १ | ० | ३ | ० | १६५०००० |
| ४९ | पाल्पा | २१ | ७ | ० | १२ | २३ | २ | ८ | ६ | ९ | ० |
| ५० | अर्घाखाची | १० | ३ | ० | ३ | १२ | २ | ४ | ५ | २१ | ० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु जम्मा | वेपत्ता | घाईते जम्मा | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| ५१ | गुल्मी | १६ | ४ | ० | १ | २१ | ९ | ३ | ९ | २७ | ० |
| ५२ | रुकुम पूर्व | २ | ० | ० | १ | २ | ० | १ | ० | ० | ० |
